मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १८ गते बिहीबार ❑ 2 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## कम्युनिष्ट पार्टीहरूबीच तत्काल एकता गर्नुभन्दा पहिले सहकार्य आवश्यक छ: संयोजक प्रचण्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिष्ट पार्टीहरूबीच तत्काल एकता गर्नुभन्दा पहिले सहकार्य आवश्यक रहेको बताउनु भएको छ।

नेकपा गण्डकी प्रदेश समितिले बुधबार पोखरामा आयोजना गरेको प्रदेश समिति एकता बैठक तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले सहकार्यका क्रममा विचार, नीति र कार्यशैलीमा समानता देखिएपछि मात्रै न्यूनतम आधारमा पार्टी एकीकरण हुने बताउनु भएको हो।

विगतमा एमाले र नेपाली कांग्रेससँग समेत सहकार्य गरिएको स्मरण गराउँदै राष्ट्रिय आवश्यकता अनुसार राजनीतिक सहकार्य हुन सक्ने उहाँको भनाई थियो। संयोजक प्रचण्डले भन्नुभयो "अहिले राष्ट्रिय स्वाधिनता माथि देखा परेको संकट समाधानको निम्ति देशभक्तहरु, लोकतन्त्रबादी र बामपन्थीहरुसंग सहकार्य गर्नुपर्छ। हाल पार्टी एकता सम्भव छैन, पार्टीहरुसंग सहकार्य गर्दै जादा विचार, भावना मिल्दै गएको अबस्थामा मात्र पहिलाकै जस्तो हुदैन भन्ने न्यूनतम ग्यारेन्टि नगरी पार्टी एकता हुदैन्।"

नयाँ पार्टी बनाउने नयाँ बर्ग सघर्ष सुरु गर्ने संयोजक प्रचण्डले बताउनु भयो। उहाँले भन्नुभयो "हामीले यो पार्टी नेतृत्व छोडेर रुपान्तरण हुन्छ भने हामीले छोड्न तयार छौं, एकता गर्ने समयमा माधव कुमार नेपालसंग धेरै कुरा भएको छ, नेतृत्वमा हामी नै बस्नु पर्छ भन्ने मोह हामीमा छैन्। हामीले नयाँ विधि, नीति र प्रकृयाबाट नयाँ नेताहरुको टिम निर्माण गर्नुपर्छ भनिएकै छ।"




जेनजी आन्दोलनपछि नारायणहिटी दरबार सफा गर्न लगाइएको सूचना आफूहरूले पाएको बताउदै संयोजक प्रचण्डले देशलाई अर्को दुर्घटनाबाट जोगाउन तत्कालीन राजनीतिक परिस्थितिमा अन्तरिम सरकार स्वीकार गर्नुपरेको बताउनु भयो। उहाँले भदौ २६ गते राति राष्ट्रपति निवास शीतलनिवासमा बसेर आफू, सहसंयोजक माधवकुमार नेपाललगायतका नेताले देशमा पुनः असामान्य अवस्था सिर्जना हुन नदिन छलफल गरेको दाबी गर्नुभयो। प्रचण्डले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीकै सिफारिसमा अन्तरिम सरकार गठनको प्रक्रिया अघि बढेको दाबी गर्दै आफूहरू संसद् विघटनको पक्षमा नरहेको स्पष्ट पार्नुभयो। "अन्तरिम सरकारको प्रधानमन्त्री सिफारिस केपी ओलीजीले नै गर्नुभएको हो। हामीले देशलाई अको दुर्घटनातर्फ जानबाट बचाउन त्यसलाई स्वीकार गरेका हौं। नयाँ प्रधानमन्त्रीको अनुमोदन संसद्बाटै हुनुपर्छ भन्ने हाम्रो अडान अन्तिम समयसम्म कायम थियो," उहाँले भन्नुभयो।

निर्वाचनको समीक्षा गदै भदौ २४ गतेको घटनाक्रमलाई प्रतिकान्तिको रुपमा निर्वाचनको परिणाम आएको जुन नतिजा माथि हाल उहाँले शंका गर्नु भएको छ। संयोकज प्रचण्डले अहिले देशले गम्भीर चुनौतीको सामना गरिरहेको दाबी गर्दै सुकुम्बासी, विद्यार्थी, ट्रेड युनियन, सीमा र मधेसका मुद्दामा जनताको भावना विपरीत काम भइरहेको आरोप लगाउनु भयो। "जनताको वर्गीय अधिकार र राष्ट्रिय स्वाभिमान माथि प्रहार भइरहेको छ। अब फेरि एकपटक क्रमभंग आवश्यक छ,।" उहाँले भन्नुभयो।

पार्टी नेतृत्वबारे बोल्दै आफू र सहसंयोजक माधवकुमार नेपाललाई "सच्याउन वा हटाउन" चुनौती दिँदै नेतृत्व व्यक्तिको उमेर भन्दा विचार, क्षमता र नयाँ सोचले निर्धारण हुने दाबी गर्नुभयो। भारत, चीन र अमेरिकाका ६०-७० वर्ष उमेर समूहका नेताले पनि नेतृत्व गरिरहेको उदाहरण प्रस्तुत गर्दै उहाँले नेपालको सन्दर्भमा उमेरलाई मात्र आधार बनाएर नेतृत्वको मूल्यांकन गर्नु उचित नहुने धारणा राख्नुभयो।

कम्युनिस्ट आन्दोलनलाई नयाँ ढंगले अघि बढाउन विचारमा परिवर्तन आवश्यक रहेको प्रचण्डको भनाई थियो। "मैले क्रमभंगको कुरा गर्दा कतिपयले उत्पात गर्न खोज्यो भन्छन्। तर प्रकृति, समाज र मानव समाजको नियम नै निरन्तरतामा क्रमभंग हो," उहाँको भनाई थियो।

कार्यक्रममा पार्टीका सहसंयोजक माधवकुमार नेपालले कम्युनिस्ट आन्दोलन छाडेर अन्यत्र गएका नेताहरूको राजनीतिक अवस्था "यता न उता" भएको टिप्पणी गर्नुभयो। कम्युनिस्ट शक्तिहरूबीच वैचारिक स्पष्टता, संगठनात्मक एकता र जनतासँगको सम्बन्धलाई बलियो बनाएर अघि बढ्नुपर्ने आवश्यकता रहेको उहाँको भनाई थियो। "पहिला आफ्नो पार्टी बलियो बनाउन लाग्नुहोस्, पार्टी ठूलो र बलियो भयो भने मात्र एकताको आशा जाग्छ। तत्कालै कम्युनिष्ट पार्टीबीच एकता हुँदैन", सहसंयोजक नेपालले भन्नुभयो। उहाँले ठूलो पार्टी कमिटी नबनाउन आग्रह गर्दै उहाँले गाउँगाउँका जनताको बीचमा पार्टीलाई स्थापित बनाउने गरी खटिन निर्देशन दिनुभयो।

कार्यक्रममा पार्टीका नेताहरू नारायणकाजी श्रेष्ठ, देव गुरुङ, हितराज पाण्डे गण्डकी प्रदेश इञ्चार्ज देवेन्द्र पौडेल, सहइञ्चार्ज श्रीनाथ बराल, केन्द्रीय सदस्य ज्ञानु आचार्य, शिव बास्तोला, पार्टी प्रदेश संयोजक कृष्ण नेपाली, सहसंयोजक गायत्री गुरुङलगायतले तल्लो तहसम्मको पार्टी एकतालाई छिटो पूर्णता दिएर जनताको बीचमा जाँदा पार्टीप्रतिको जनआकर्षण वृद्धि गर्न सकिने बताउनुएको थियो। कार्यक्रममा गण्डकीका ११ वटै जिल्लाका संयोजकहरूले चुनावी समीक्षा तथा एकता प्रक्रियाका बारेमा रिर्पोटिङ गर्नुभएको थियो।

उक्त कार्यक्रममा प्रदेशका नेता तथा कार्यकर्ताको उल्लेखनिय सहभागिता रहेको नेकपाले जनाएको छ।

## 'एक घर, एक धारा' अभियान : गण्डकीका ६६ प्रतिशत घरधुरी लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार


तीनै तहका सरकारको लगानीमा गण्डकी प्रदेशका ६६ प्रतिशत घरधुरीमा निजी धारा जडान गरिएको छ।

'एक घर, एक धारा' अभियानअन्तर्गत साढे चार लाख घरधुरीमा निजी धारा पुगेको प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ।

मन्त्रालयले यस अभियानका लागि बर्सेनि बजेटमा प्राथमिकता दिँदै आएको छ। मन्त्रालयको खानेपानी तथा सरसफाई महाशाखाका सिनियर डिभिजनल इन्जिनियर नवीन अर्यालले आगामी आवका लागि रू एक अर्ब सात करोड बजेट विनियोजन गरिएको जानकारी दिनुभयो। "आगामी वर्ष थप १५ हजार घरधुरीमा निजी धारा पुऱ्याउने मन्त्रालयको लक्ष्य छ", उहाँले भन्नुभयो, "चालु आवमा २० हजार घरमा धारा जोड्ने गरी काम अन्तिम चरणमा पुगेको छ।" विसं २०७८ को जनगणनामा ५० प्रतिशत घरधुरीमा निजी धारा जडान भएको पाइएकामा त्यसयता १६ प्रतिशत घरधुरीमा निजी धारा पुगेको हो।

यस अभियानका लागि सङ्घ सरकारले शसर्त र विशेष अनुदानबाट बजेट उपलब्ध गराउँदै आएको छ। स्थानीय तहले आफ्नै स्रोतबाट पनि 'एक घर, एक धारा' अभियान सञ्चालन गर्दै आएका छन्। भौगोलिक कठिनाइ, जनशक्ति अभाव, बजेटको सीमा आदि कारणले पछिल्लो समय अभियानको प्रगति सुस्त देखिएको सिनियर डिभिजनल इन्जिनियर अर्यालले बताउनुभयो। "कतिपय ठाउँमा लिफ्ट प्रविधिबाट खानेपानी पुऱ्याउनुपर्ने अवस्था छ, कतै भौगोलिक जटिलता छ", उहाँले भन्नुभयो, "आधारभूतस्तरको खानेपानीमा लगभग सबै घरधुरीको पहुँच छ, हरेक घरमा निजी धारा भने अझै पुऱ्याउन सकिएको छैन।" उहाँका अनुसार प्रदेशका ९७ प्रतिशत घरधुरीमा आधारभूत खोनपानी सेवा पुगेको छ।

प्रदेशका तीन प्रतिशत घरधुरी अझै पनि आधारभूत खानेपानीको पहुँचबाट टाढा छन्। एकानब्बे प्रतिशत जनसङ्ख्यामा पहिल्यै आधारभूतस्तरको खानेपानी सेवा पुगेकामा प्रदेश सरकार आएपछि पहुँच बढेर ९७ प्रतिशत पुगेको हो। आधा घण्टाको दूरीसम्म खानेपानी सेवा पुगेका अवस्थामा आधारभूतस्तरको खानेपानी सेवा पुगेको मान्ने गरिएको छ। खानेपानी लिन आधा घण्टाभन्दा बढी समय लागेमा मात्र आधारभूतस्तरको खानेपानीको सेवा नपुगेको मान्ने गरिन्छ। खानेपानीको पूर्वाधार र गुणस्तर सुधार गरी मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुऱ्याउने कार्यक्रमलाई पनि मन्त्रालयले निरन्तरता दिँदै आएको छ। प्रदेश स्थापनापछि विसं २०७४ मा गठित प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रमा प्रदेशका सबै घरधुरीमा खानेपानी पुऱ्याउने निर्णय गरे पनि उक्त लक्ष्य अझै पूरा हुन सकेको छैन। सन् २०३० सम्ममा नेपालका सबै घरधुरीमा आधारभूतस्तरको खानेपानी सेवा पुऱ्याउने लक्ष्य सङ्घ सरकारको छ।



## गौरवका आयोजना निर्माणमा ढिलाइ

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

आठ वर्षअघि गण्डकी प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका रूपमा कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्योगिक क्षेत्र निर्माण गने घोषणा गरेको थियो। बर्सेनि प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा यी दुई आयोजना प्राथमिकताका साथ समेटिन्छन्। तर, औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया भने अझै टुङ्गिन सकेको छैन।

गत वर्ष स्वीकृत गरिएको औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदनलाई परिमार्जन गर्नुपरेका कारण आयोजना निर्माणमा थप ढिलाइ हुने देखिएको छ। प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले 'इआइए' अन्तर्गत वातावरणीय व्यवस्थापन योजना परिमार्जन गर्न लागिएको बताउनुभयो। आयोजना निर्माणस्थलमा कटान गर्नुपने रूखको गणना गर्दा प्रतिवेदनले औंल्याएभन्दा विपरीत रूखको सङ्ख्या घटबढ भएको पाइएपछि पुनः अध्ययन गरी रूखको सङ्ख्या यकिन गर्न लागिएको हो। "तीन वर्षअघि एआइए गर्दाको समयमा भन्दा अहिले गणना गर्दा कटान गनुपर्ने रूखको सङ्ख्या कतै कम त कतै बढी रहेको पाइयो", महाशाखा प्रमुख ढकालले भन्नुभयो, "पहिले गणना गरिएका पुराना रूख ढल्दा र नयाँ बिरुवा हुर्केका कारण रूखको सङ्ख्या घटबढ भएको हो।" दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रूखको गणना गरिएको थियो। वातावरणीय व्यवस्थापन योजना परिमार्जनका लागि परामर्शदाता छनौट गरेर काम अगाडि बढाइने भएको छ। यसअघि परामर्शदाता कम्पनी गौमुखीले 'इआइए'को जिम्मा पाएको थियो। प्रदेशको वन तथा वातावरण मन्त्रालयले कटान गर्नुपर्ने रूखको वास्तविक सङ्ख्या यकिन गरेर पठाउन उद्योग तथा पर्यटन मन्त्रालयलाई पत्राचार गरेको महाशाखा प्रमुख ढकालले बताउनुभयो। "वातावरणीय व्यवस्थापन योजना परिमार्जन भएपछि जग्गाको भोगाधिकार लिने प्रक्रिया अगाडि बढ्छ, जग्गा प्राप्तिको प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको हो", उहाँले भन्नुभयो।

प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ। औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नु पर्ने रूखको गणनासहित क्षेत्रफल यकिन गरेर सङ्घको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाइने महाशाखाले जनाएको छ। सो मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि सङ्घीय मन्त्रिपरिषद्बाट जग्गा भोगाधिकार दिने निर्णय हुनेछ। त्यसपछि बल्ल औद्योगिक क्षेत्र निर्माणको काम सुरु हुने जनाइएको छ।

जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै सङ्घ सरकारको वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो। प्रदेश सरकारले पुँडीटारमा रु ५४ करोड र लोकाहाखोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार पारिसकेको छ। औद्योगिक क्षेत्रलाई चाहिने जग्गा नापजाँच तथा यकिन भइसकेकाले अब जग्गा उपलब्ध गराउने सम्बन्धमा सङ्घ सरकारको निर्णयको पखाईमा प्रदेश सरकार छ। जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा चार हजार ५०० रोपनी र लोकाहाखोलामा १४१ बिगाहामा औद्यागिक क्षेत्र निर्माण हुनेछ। पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९

बाँकी अन्तिम पृष्ठमा ▶▶

# अपराजित यात्राले स्याङ्जाले तेस्रो महिला टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जित्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

गण्डकी प्रदेशस्तरीय तेस्रो महिला टी-२० क्रिकेट प्रतियोगिताको उपाधि स्याङजाले जितेको छ।

प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा पोखरमा बुधबार सम्पन्न लिग चरणको अन्तिम खेलमा पनि घरेलु टिम कास्की माथि जित हासिल गर्दै स्याङजाले उक्त उपाधि हात पार्न सफल भएको हो।

चिरप्रतिद्वन्द्वी कास्कीलाई ७१ रनले पराजित गर्दै स्याङजाले उपाधि सहित नगद ३० हजार हात पार्न सफल भएको हो । लिगका चारवटै खेल जितेर ८ अंकसहित स्याङजा शीर्ष स्थानमा रहँदा कास्की भने ६ अंक सहित उपबिजेता भएको छ।



फाइनलमा टस जितेर फिल्डिङ रोजेको कास्कीले स्याङजा सामु जित निकाल्न सकेन् । निर्धारित २० ओभरमा स्याङजाले ८ विकेटको क्षेत्रमा १ सय १० रनको योगफल तयार पार्‍यो । १ सय ११ रनको लक्ष्य पाएको कास्कीले भने १६ ओभरमै अल आउट हुँदा ३९ रनमै सिमित भयो । कास्कीकी रेखा तामाङले १२, चन्द्रमाया बरालले १० रनको योगदान दिनुभयो । स्याङजाकी रविनाले ३, सिमाना केसीले ३ निरु जीटीले २ विकेट लिनु भएको थियो । स्याङजाकी ज्योत्स्नका मरासिनीले १४ तथा अरमिना अधिकारीले १८ रन जोड्दा सलिना सेनले ३ चौकासहित सर्वाधिक २२ रनको योगदान दिनुभयो । कास्कीका यशोदा भुजेल र मुस्कान जैसवालले समान २-२ विकेट लिनु भएको थियो । फाइनलमा उत्कृष्ट बलिङ प्रदर्शन गरेकी रविना बुढामगर प्लेयर अफ द म्याच घोषित हुनुभयो । प्रतियोगिताकै उत्कृष्ट खेलाडी (प्लेयर अफ द टुर्नामेन्ट) समेत घोषित हुनु भएको उहाँले नगद ५ हजार रुपैयाँ प्राप्त गर्नुभयो । प्रतियोगिताको उत्कृष्ट ब्याटर कास्कीकी चन्द्रमाया बराल तथा उत्कृष्ट बलर स्याङजाकी सिमाना केसी घोषित हुनुभयो । पर्वतकी जीविका क्षेत्री उदियमान खेलाडी घोषित हुनु भयो ।

प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले यस्ता प्रतियोगिताले महिला क्रिकेटको विकाससँगै नयाँ प्रतिभा उत्पादन र खेलाडीमा उत्साह बढाउन महत्वपूर्ण योगदान पुर्‍याउने बताउनु भयो । विजेता तथा उपविजेता टोलीलाई प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य-सचिव श्रीधर शर्मा, प्रादेशिक क्रिकेट संघका सचिव सुमनराज कार्की, कोषाध्यक्ष दिवाकर थापा लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । प्रतियोगितामा गण्डकी प्रदेशका पाँच जिल्लाका टोलीको सहभागिता रहेको थियो भने प्रतियोगिता सम्पन्न गर्न प्रदेश खेलकुद परिषद् गण्डकीले सहयोग गरेको आयोजकले जनाएको छ।

# 'षोडश संस्कार र चाडपर्व' पुस्तक विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

षोडश संस्कार र चाडपर्व पुस्तक विमोचन विमोचन भएको छ । पुस्तकको केदारेश्वर वैदिक गुरुकुलका पिठाधीश डा. चित्घन चैतन्य महाराजले गरे ।

धर्मशास्त्र आचार्य गंगाधर तिमिल्सिनाले लेखेको पुस्तक ' षोडश संस्कार र चाडपर्व' विमोचन गर्दै पिठाधीश चैतन्यले सनातन वैधिक धर्मालम्बीहरुले बेदको आदेशमा चल्नु पर्ने बताए । उनले वैधिक धर्मालम्बीको मुल आधार बेद भनेको भन्दै बेदमा संस्कार र आचरणका बारेमा उल्लेख भएको बताए ।

उनले 'षोडश संस्कार र चाडपर्व' पनि मानिस जन्मेदेखी मृत्यु सम्म गर्नु पर्ने संस्कारका बारेमा लेखिएको पुस्तक भएको बताए। उनले आचरण नै जीवन भएको र संस्कार नै धर्म भएको उल्लेख गरे । उनले अरु ठुला ठुला पुस्तकहरु संस्कारका नाम प्रकासन भए पनि समाजमा संस्कार र आचरण हराउदै गएको बताए । उनले यो पुस्तकका लेखक संस्कार र आचरणमा रहे पनि उहाँका कति पुस्ता सम्म संस्कार र आचरणमा रहन सक्छन् भने कुरा महत्वपूर्ण रहने बताए । कार्यक्रममा बाल्मिकी क्याम्पसका सहप्रध्यापक विश्वनाथ दवाडीले पुस्तकको समीक्षा गर्दै मानव जीवनका महत्वपुर्ण १६ संस्कार पुस्तकमा सरल भाषामा उल्लेख गरेको बताए । उनले गृहसूत्रमा ५६ संस्कार सम्म वर्णन गरेपनि मानव जीवनमा १६ संस्कारको महत्वपुर्ण भुमिका हुने बताए । उनले हिन्दु सनातनी संस्कारलमनी आएका हाम्रा परम्परलाई शास्त्र सम्मत प्रमाणित गरी त्यसको महत्व वर्णन गरिएको बताए । पुस्तक मानवको जीवनोपयोगी। बौद्धिक, धार्मिक, नैतिकता संस्कार आचरणको सान्दर्भिक रहेको बताए ।



कार्यक्रममा पुस्तकका लेखक गंगाधर तिमिल्सिनाले मानव जीवनलाई उत्कृष्ट बनाउन पुस्तक उपयोगि रहेको बताए। उनले पुस्तकमा गर्भाधान संस्कार, पुंसवन, सीमन्तोन्तरयन संस्कार, नामकरण संस्कार, चूडाकर्म संस्कार, वेदारम्भ संस्कार लगाएतका संस्कार र नेपालीहरु मनाउने प्रमुख चार्ड पर्वका बारेमा उल्लेख गरेको बताए । पञ्चासे प्रज्ञामञ्चको संयोजनमा भएको कार्यक्रममा पञ्चासे प्रज्ञामञ्चका उपाध्यक्ष नारायण प्रसाद गौतमले तिमिल्सिनाका एउटा कृति प्रकासन भएका अन्य कृतिहरु पनि लेखन कार्य भइसकेकाले छिटै प्रकासन हुने बताए ।

कार्यक्रममा बैकुण्ठ तिमिल्सिनाले पुस्तक प्रकासनका बारेमा बताउदै मानव जीवनलाई उपयुक्त भएका कारण प्रकासनमा ल्याएको बताए। ८५ पुष्ठको पुस्तकमा १६ संस्कार र चार्डपर्वका बारेमा उल्लेख गरिएको छ।

# जिल्ला समन्वय समिति कास्कीद्वारा प्रदेश सरकारका आयोजना अगुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

जिल्ला समन्वय समिति कास्कीद्वारा गण्डकी प्रदेश सरकारका कास्की स्थित विभिन्न आयोजना अगुगमन गरेको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको नेतृत्वमा सो अनुगमन सम्पन्न गरिएको हो ।

अनुगमन गरिएका आयोजनाहरूमा प्रदेश सरकरको रू पाँच करोडको लागत इस्टिमेटमा निर्माणाधीन पोखरा ३३ स्थित तल्लो खैरेनी, घोक्रेनी, शिबबस्ती हुँदै गाई गौडासम्मको बहुबर्षिय सडक आयोजना र पोखरा ३१ स्थित रू २५ करोडको लागतमा निर्माणाधिन स्याङ्खुदी भञ्ज्याङ्सम्मको सात ताल जोड्ने लिन्क रोड सडक अनुगमन गरिएको हो ।



जिल्ला समन्वय समिति सदस्य सीता देबि बिक ,हर्क गुरुङ, राजु अधिकारी ,जिल्ला समन्वय अधिकारी नवराज बराल ,शाखा अधिकृत लक्ष्मु शर्मा सरोकारवाला कार्यालय गण्डकी प्रदेश पूर्बाधार बिकास कार्यालय कास्कीका प्रमुख कृष्ण आचार्य ,प्राबिधिक इन्जिनियर एबम स्थानिय जनप्रतिनिधि सहितको उपस्थिति रहेको थियो ।

अनुगमनका क्रममा प्रमुख पौडेलले गुणस्तर र निर्धारित मापदण्डको पूर्ण पालना गर्न आग्रह गर्दै दिगो बिकास योजनालाई प्राथमिकता दिन आग्रह गर्नुभयो ।

बिकासमा हुने अनियमितताका सबालमा शुन्य सहनशीलताको नीति अबलम्बन गरिने उल्लेख गर्दै सो सम्बन्धमा स्थानिय उपभोक्ता र सरोकारवाला समेत सचेत हुन आग्रह गर्नुभयो ।

प्रमुख पौडेलले निर्धारित समय अबधि र गुणस्तरमा कमजोरी देखिएको भन्दै तत्काल सुधार गर्न निर्माण ब्यबसायीहरूलाइ आग्रह समेत गर्नुभएको थियो ।

# विद्यालयमा लागूऔषध, ट्राफिक सचेतना तथा साइबर अपराध सम्बन्धी अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

पोखरा महानगरपालिका वडा नं. ३२ को आयोजनामा ब्रह्म रूपा माध्यमिक विद्यालयमा एकदिने लागूऔषध नियन्त्रण, ट्राफिक सचेतना तथा साइबर अपराध सम्बन्धी समुदाय-विद्यालय सचेतना कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सुरक्षित सडक प्रयोग, साइबर सुरक्षाको महत्त्व तथा लागूऔषध दुर्व्यसनका असरबारे विस्तृत जानकारी प्रदान गरिएको थियो । पोखरा महानगरपालिका-३२ को वडा कार्यालयको समन्वय तथा प्रदेश ट्राफिक कार्यालय गण्डकी र इलाका प्रहरी कार्यालय शिशुवाको सहकार्यमा सञ्चालन गरिएको यो अभियान असार १२ गतेदेखि १९ गतेसम्म वडा क्षेत्रभित्र रहेका करिब १० वटा विद्यालय, विभिन्न टोल सुधार समिति तथा बाल क्लबहरूमा सञ्चालन भइरहेको आयोजकले जनाएको छ । कार्यक्रममा प्रहरी नायब निरीक्षक मोहन विकले ट्राफिक नियमको पालना, सडक सुरक्षाका उपाय तथा बढ्दो साइबर अपराधबाट बच्ने उपायका बारेमा प्रशिक्षण दिएका थिए। त्यसैगरी प्रहरी सहायक निरीक्षक प्रवीन दर्जी र प्रहरी जवान विशाल बोहोराले लागूऔषध तथा मादक पदार्थ दुर्व्यसनका कारण, त्यसबाट हुने शारीरिक, मानसिक र सामाजिक असर, कानुनी व्यवस्था तथा दण्ड-सजायका विषयमा जानकारी गराएका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, वडा शिक्षा समितिका संयोजक नगेन्द्र प्रसाद रेग्मी, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।



वक्ताहरूले लागूऔषध, मादक पदार्थ दुर्व्यसन, ट्राफिक दुर्घटना तथा साइबर अपराधजस्ता सामाजिक चुनौतीहरूको न्यूनीकरणका लागि नेपाल प्रहरी, स्थानीय तह, विद्यालय, अभिभावक, समुदाय, सामाजिक संस्था र सञ्चारमाध्यमबीच प्रभावकारी समन्वय आवश्यक रहेकोमा जोड दिएका थिए। विद्यालय तहबाटै सचेतना अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको यस्तो अभियानले विद्यार्थीमा जिम्मेवार नागरिक बन्ने संस्कार विकास गर्नुका साथै सुरक्षित, अनुशासित र लागूऔषधमुक्त समाज निर्माणमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ।

# जलवायु उत्थानशीलता अभिवृद्धि गर्न नेपाललाई ८.५ मिलियन अमेरिकी डलर अनुदान

**रासस**
काठमाडौं, १७ असार

हरित जलवायु कोष (जिसिएफ) बोर्डको ४५औँ बैठकले नेपालमा जलवायु उत्थानशीलताका लागि ८.५ मिलियन अमेरिकी डलर अनुदानको वित्तीय प्रस्ताव स्वीकृत गरेको छ।

बोर्डले 'कर्णाली प्रदेशमा जीविकोपार्जनका अवसर तथा स्थानीय क्षमता अभिवृद्धिमार्फत वनमा निर्भर समुदायको जलवायु उत्थानशीलता निर्माण' शीर्षकको उक्त वित्तीय प्रस्ताव बुधबार स्वीकृत गरेको हो। यसले नेपालको जलवायु वित्त यात्रामा अर्को महत्त्वपूर्ण उपलब्धि थपेको छ । यो परियोजना राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी)ले जिसिएफको प्रत्यक्ष पहुँच प्राप्त निकायका रूपमा सरलीकृत स्वीकृति प्रक्रियाअन्तर्गत विकास गरेको हो।

कूल ९.२ मिलियन अमेरिकी डलर लगानी रहेको यस चार वर्षे पहलमा जिसिएफबाट ८.५ मिलियन अमेरिकी डलर अनुदान समावेश छ। यस परियोजनाले नेपालको जलवायु परिवर्तनप्रति सबैभन्दा संवेदनशील प्रदेशहरूमध्ये एक कर्णाली प्रदेशमा पारिस्थितिकीय प्रणालीको सहनशीलता, जलवायु-सहनशील जीविकोपार्जन तथा संस्थागत क्षमता सुदृढ गर्नेछ। नाजुक पर्वतीय पारिस्थितिकीय प्रणाली, कठिन भूगोल, उच्च गरिबी दर तथा पहिरो, बाढी र लामो खडेरीजस्ता जलवायुजन्य विपद्हरूप्रतिको बढ्दो जोखिमले कर्णाली प्रदेश मुलुकमा जलवायु परिवर्तनका प्रभावप्रति सबैभन्दा संवेदनशील क्षेत्रहरूमध्ये एक हो । यस परियोजनाले नेपालको राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०), राष्ट्रिय निर्धारित योगदान (एनडिसी ३.०) तथा अन्य राष्ट्रिय जलवायु प्राथमिकताहरूको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुर्‍याउने विश्वास गरिएको छ। साथै जलवायु नीतिहरूलाई स्थानीय तहमा ठोस कार्यमा रूपान्तरण गर्नेछ । पारिस्थितिकीय पुनःस्थापना, प्रकृतिमा आधारित समाधान, जलवायु-सहनशील जीविकोपार्जनका अवसर, समुदायमा आधारित पूर्वसूचना प्रणाली तथा स्थानीय संस्थाको सुदृढीकरणमार्फत यस परियोजनाबाट एक लाखभन्दा बढी मानिसले प्रत्यक्ष लाभ प्राप्त गर्ने विश्वास छ। साथै कर्णाली प्रदेशभर चार लाखभन्दा बढी मानिसको जलवायु उत्थानशीलता अप्रत्यक्ष रूपमा अभिवृद्धि हुनेछ। विशेषगरी महिला, आदिवासी जनजाति, दलित तथा अन्य सीमान्तकृत र जलवायु-संवेदनशील समुदायहरूको अर्थपूर्ण सहभागिता तथा समान लाभ सुनिश्चित गर्न विशेष जोड दिइएको छ। यो परियोजना राष्ट्रिय, प्रादेशिक तथा स्थानीय संस्थाहरूबीचको साझेदारीमार्फत कार्यान्वयन गरिनेछ । जिसिएफको मान्यताप्राप्त निकायका रूपमा रहेको एनटिएनसीले सहकार्यान्वयन निकायको भूमिका निर्वाह गर्नेछ । नेपाल सरकारको तर्फबाट थप दुई सहकार्यान्वयन निकाय रहनेछन् । त्यसमध्ये अर्थ मन्त्रालयले जिसिएफ स्रोतहरूको प्रवाह तथा व्यवस्थापनलाई सहजीकरण गर्नेछ। त्यस्तै कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशस्तरीय हस्तक्षेपको कार्यान्वयनको नेतृत्व गर्दै सहभागी स्थानीय सरकारहरूसँग परियोजना गतिविधिको समन्वय गर्नेछ । यो कार्यान्वयन व्यवस्था सङ्घीय शासन संरचनाअनुरूप तयार गरिएको र सरकारका सबै तहबीच सुदृढ समन्वय सुनिश्चित गर्ने उद्देश्य लिइएको छ । बोर्डको स्वीकृतिप्रति प्रतिक्रिया जनाउँदै कृषि, वन तथा पर्यावरणमन्त्री तथा एनटिएनसीका अध्यक्ष गिता चौधरीले सो निर्णयलाई नेपालको जलवायु सहनशीलता मुद्दाका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो । "यो स्वीकृतिले राष्ट्रिय जलवायु नीतिलाई व्यवहारिक कार्यमा रूपान्तरण गरी सबैभन्दा जलवायु-संवेदनशील समुदायसम्म पुर्‍याउने नेपालको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ", उहाँले भन्नुभयो, "यस लगानीमार्फत हामी सहनशील पारिस्थितिकीय प्रणालीलाई सुदृढ गर्दै, दिगो जीविकोपार्जनमा सुधार ल्याउँदै र कसैलाई पनि पछाडि नछोड्ने सुनिश्चिततासहित पेरिस सम्झौताअन्तर्गत नेपालका प्रतिबद्धतालाई अगाडि बढाइरहेका छौँ ।" स्वीकृतिप्रति एनटिएनसीलाई बधाई दिँदै अर्थ मन्त्रालयअन्तर्गत अन्तरराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख तथा जिसिएफका लागि राष्ट्रिय नामित प्राधिकरण (एनडिए) फोकल प्वाइन्ट धनीराम शर्माले यस स्वीकृतिले अन्तरराष्ट्रिय जलवायु वित्त पहुँच र व्यवस्थापनमा नेपालको बढ्दो संस्थागत क्षमतालाई प्रमाणित गरेको बताउनुभयो।

एनटिएनसीका सदस्य-सचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले सरकारी निकाय तथा समुदायसँग सहकार्य गर्दै प्रकृतिमा आधारित दीर्घकालीन जलवायु उत्थानशीलता प्रदान गर्न तथा अन्तरराष्ट्रिय जलवायु वित्तमा काम गर्न उत्साहित रहेको बताउनुभयो । परियोजनाअन्तर्गत जाजरकोट, जुम्ला, डोल्पा र दैलेख जिल्लाभरका प्रदेश सरकार, ३१ स्थानीय सरकार, सामुदायिक वन उपभोक्ता समूह, महिला समूह, आदिवासी जनजाति, प्राविधिक विज्ञ तथा अन्य सरोकारवालासँग परामर्श र प्रमाणमा आधारित प्रक्रियामार्फत तयार गरिएको हो । एनटिएनसीका जलवायु परिवर्तन विभाग प्रमुख तथा जिसिएफका प्राथमिक फोकल प्वाइन्ट डा मनिषराज पाण्डे र जिसिएफका द्वितीय फोकल प्वाइन्ट लीना चालिसेको सहयोगमा परियोजना प्रस्ताव विकास गरिएको थियो।

# गौरवका ...

को केही भू-भागलाई समेट्छ । लोकाहाखोला औद्यागिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहे पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ। प्रदेश गौरवका आयोजना निर्माणमा ढिलाइ हुँदा प्रदेश सरकारप्रति नागरिकले पनि गुनासो गर्न थालेका छन् ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

**सम्पादकीय**

# जरिवाना बढाएर मात्र सडक दुर्घटना घट्दैन

सरकारले ट्राफिक नियम उल्लंघन गर्ने सवारी चालकलाई अहिलको तुलनामा कयौं गुणा बढी जरिवाना तिराउने गरी नयाँ कानुनको मस्यौदा तयार पारेको छ। जतिधेरै जरिवाना त्यतिकै दुर्घटना कम हुन्छ भन्ने मान्यताका आधारमा सरकारले नयाँ कानुन ल्याउन आँटेको छ। पूर्वाधार विकास मन्त्रालयले तयार पारेको उक्त विधेयकको मस्यौदामा ट्राफिक नियम उल्लंघन गर्दा न्यूनतम ५ सयदेखि अधिकतम १ लाख रूपैयाँसम्म जरिवाना गर्ने प्रस्ताव गरिएको छ। ट्राफिक प्रहरीले जरिवाना बापत राजश्व बढाउने काम गरेको भनी नागरिक तहमा विरोध छ।

विधेयकको मस्यौदा अनुसार दुईपांग्रे सवारी चालकलाई ट्राफिक नियम उल्लंघन गर्दा न्यूनतम ५ हजार, चारपांग्रे सवारी चालकलाई १० हजार र ठूला सवारी चालकलाई १५ हजार जरिवाना गर्ने प्रस्ताव गरिएको छ। सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरे १० हजार जरिवाना प्रस्ताव गरिएको छ। त्यस्तै, मादक पदार्थ सेवन गरी सवारी चलाए दुईपांग्रेका चालकले २५ हजार, चारपांग्रेका चालकले ३५ हजार र ठूला सवारी साधनका चालकले ५० हजार जरिवाना तिर्नुपर्नेछ। कतिपय नियम उल्लंघनमा यस्तो जरिवाना ५० हजारदेखि १ लाख रूपैयाँसम्म पुऱ्याइएको छ। तोकिएको सीमाभन्दा बढी गतिमा सवारी चलाउनेलाई गति जति बढी भयो जरिवाना उति बढ्दै जान्छ। यस अनुसार १ लाख रूपैयाँ जरिवाना लाग्ने व्यवस्था विधेयकमा छ।

निर्धारित सीमाभन्दा बढी गतिमा सवारी चलाए ५० हजार रूपैयाँसम्म र गाडीमा कालो सिसा प्रयोग गर्ने सवारी चालकलाई १ लाख रूपैयाँ जरिवाना प्रस्ताव गरिएको छ। त्यस्तै, तोकिएको क्षेत्रमा सीमाभन्दा कम गतिमा सवारी चलाए ३ हजारदेखि ५ हजार जरिवाना प्रस्ताव गरिएको छ। नयाँ विधेयकको मस्यौदामा निर्धारित स्थानबाहेक बाटो काट्ने पैदल यात्रीलाई समेत ५ सय रूपैयाँ जरिवानाको व्यवस्था प्रस्ताव गरिएको छ। यस्तो जरिवाना सडकमा खटिएका प्रहरी सहायक निरीक्षकसम्मका अधिकृतले तत्काल (अन द स्पट) तिराउन सक्नेछन्।

हाल प्रचलनमा रहेको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले प्रहरीले तत्काल सजाय गर्न सक्ने सीमा तोकेको छ। पहिलो पटक नियम उल्लंघन गर्नेलाई ५ सय, दोस्रो पटक गर्नेलाई १ हजार र तीन पटकभन्दा बढी उल्लङ्घन गर्नेलाई १५ सय रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। यस्तो जरिवाना मादकपदार्थ सेवन गरी सवारी चलाउने, हेलमेट नलगाउने, निर्धारितभन्दा बढी भाडा लिने, बाटोको इजाजतपत्र (रूट परमिट) नलिने र सवारी चालक अनुमतिपत्र साथमा नराख्नेका हकमा पनि समान छ।

सरकारले ल्याउन लागेको नयाँ विधेयकले जरिवानाको यो सीमा १५ सयबाट बढाएर सिधै ५० हजार रूपैयाँसम्म पुऱ्याउन लागेको छ। जरिवाना धेरै बनाएर दुर्घटना कम हुन्छ भन्ने आधार भने देखिदैन। जरिवानाको यस्तो दरले नागरिकको आर्थिक-सामाजिक हैसियत ख्याल गरेको देखिन्न। साथसाथै, सडक सुरक्षालाई सम्बोधन गर्नका लागि सरकारी पक्षबाटै गरिनुपर्ने कामलाई प्राथमिकता नदिई नागरिकलाई आर्थिक बोझ थप्न खोजेको भान परेको छ।

विधेयकमार्फत सरकारले सडक सुरक्षा बढाउनका लागि हो। ट्राफिक नियमको यथाशक्य पालना हुन सक्यो भने सडकका दुर्घटना स्वतः घट्दै जानेछन्। तर यस सन्दर्भको बहस दुर्घटना बढ्नुको कारणदेखि नै सुरु गरिनुपर्छ र त्यसैसँग तादात्म्यता मिलाउँदै न्यूनीकरणका कार्यक्रम लागू गरिनुपर्छ। दुर्घटना हुनुको कारणहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ- कमजोर पूर्वाधार र सुरक्षाका उपाय/नियम नअपनाउने प्रवृत्ति।

नेपालका सडकका गुणस्तर र सुरक्षाका लागि अपनाइएका भौतिक प्रबन्ध साह्रै कमजोर छन्। विकट भूगोलका असुरक्षित सडक मात्रै होइन, राजधानी जोडिने सडककै अवस्था पनि दयनीय छ। ठूला सहरका ट्राफिक संकेतहरू प्रभावकारी छैनन्। ट्राफिक नियम पालना गराउने शैली वैज्ञानिक छैन। सडकका खाल्डाखुल्डी, मेटिएका जेब्राक्रसिङ, नबल्ने ट्राफिक लाइट, अस्पष्ट संकेत धेरै सहरका साझा समस्या हुन्। यी समस्याको हल नगरी जरिवाना मात्रै बढाएर सडक सुरक्षा बढ्दैन।नेपालीको आनीबानी सुधार्न र पुर्वाधारमा पनि जोड दिएर जानू उत्तिकै आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कार्यगत एकताबाट अघि बढ्नुपर्छः अध्यक्ष ओली

**रासस**
काठमाडौं, १७ असार

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अहिलेको अवस्थामा कम्युनिष्ट पार्टीहरूबीच एकता नभई विचार मिल्न सक्ने सबै शक्तिसँग कार्यगत एकता गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

नेकपा (एमाले) को निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलद्वारा केन्द्रीय कार्यालय, च्यासलमा आज आयोजित सम्पर्क विशेष सङ्गठन कमिटीसँग सुझाव सङ्लन कार्यक्रममा उहाँले अहिले नीति, विचार, उद्देश्य बोकेर अगाडि बढ्न चाहने व्यक्तिहरू कार्यगत एकतामा आउन सक्ने बताउनुभयो। अध्यक्ष ओलीले आफूहरू सरकारमा रहँदा देशको विकास र जनताको हितमा ऐतिहासिक र असाधारण काम गरिएको स्मरण गर्नुभयो। "देशको राजनीतिक, सामाजिक परिवर्तनमा नेकपा (एमाले)को भूमिका असाधारण रहेको छ, अब पनि देशलाई सही बाटोमा अगाडि बढाउने छौँ", उहाँले भन्नुभयो, "हामी फेरि पनि उठ्न सक्छौँ। पार्टी एकताबद्ध भएर अघि बढ्नुपर्छ।"

कार्यक्रममा पार्टीका उपाध्यक्ष एवं कार्यदलका संयोजक रामबहादुर थापा उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ, महासचिव शङ्कर पोखरेल, नेता लालबाबु पण्डितलगायतको उपस्थिति थियो।

# स्वचालित प्रणाली अनुरुप भाडा समायोजन गर्न माग

**रासस**
काठमाडौं, १७ असार

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले गए रातिदेखि पेट्रोलियम पदार्थको मूल्य घटेसँगै स्वचालित प्रणालीअनुरुप भाडा समायोजन गर्न सरकारसँग माग गरेको छ।

नेपाल आयल निगमले बुधबार बिहानदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर रु २०, डिजेल/मट्टितेलमा प्रतिलिटर रु ३० ले मूल्य घटाएको थियो। महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौलाले स्वचालित प्रणालीबमोजिमभाडासमायोजनगरिदिन सरकारलाई अनुरोध गर्नुभएको हो। "पेट्रोलियम पदार्थको मूल्यमा हुने उतारचढावसँगै सार्वजनिक सवारीसाधनको भाडा पनि पारदर्शी, वैज्ञानिक र वस्तुगत आधारमा समायोजन हुनु आवश्यक छ", उहाँले भन्नुभयो, "इन्धनको मूल्यवृद्धि हुँदा भाडा बढाउने निर्णय हुने र मूल्य घट्दा समयमै भाडा समायोजन नहुने प्रवृत्तिले यात्रु र व्यवसायी दुवै पक्षमा अन्योल सृजना गर्ने गरेको छ।"

महासङ्घका अध्यक्ष सिटौलाले सार्वजनिक यातायातको भाडा निर्धारण गर्दा इन्धनको मूल्यमात्र नभएर सवारीसाधनको सञ्चालन खर्च, मर्मतसम्भार, बीमा, श्रमिकको पारिश्रमिक, अतिरिक्त पाटपूर्जाको मूल्य, बैंकिङ लागत तथा समग्र आर्थिक सूचकलाई वैज्ञानिक आधारमा मूल्याङ्कन हुनुपर्ने बताउनुभयो।

# रास्वपाका निर्वाचित पदाधिकारीको शपथ

**रासस**
काठमाडौं, १७ असार

राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनबाट निर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यले शपथ लिनुभएको छ।

च म त ी ि स थ त केन्द्रीय कार्यालयमा बुधबार आयोजित कार्यक्रममा सभापति रवि लामिछानेले पदाधिकारी र केन्द्रीय सदस्यलाई शपथ गराउनुभयो। सभापति लामिछानेले नवनिर्वाचित केन्द्रीय सदस्यलाई प्रमाणपत्र र 'घण्टी' उपहार दिनुभएको थियो। केन्द्रीय सदस्यको शपथपछि सभापति लामिछानेले निर्वाचित पदाधिकारीलाई शपथ गराउनुभयो। यही असार ७ देखि १२ गतेसम्म चितवनको भरतपुरमा रास्वपाको पहिलो महाधिवेशन भएको थियो।

महाधिवेशनले सभापति, दुई उपसभापति, एक महामन्त्री र तीन सहमहामन्त्रीसहित ९९ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको थियो। सभापतिमा निर्वाचित रवि लामिछानेले यसअघि नै शपथ लिइसक्नुभएको छ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI ४०००००३४९४ | मनराज गुरुङ | हंसपुर-, गखु-५ गोरखा |
| २ | ULI ४००००००४६७ | जेरिक थापा / मनकाजी थापा | अर्वा विजय ९, कास्की |


# बागलुङमा कुकुरलाई 'होस्टेल'

**पोखरापत्र संवाददाता**
वालिङ, १७ असार



बागलुङ नगरपालिकाले सामुदायिक तथा समस्याग्रस्त कुकुरलाई आवासीय सुविधासहित व्यवस्थापन सुरु गरेको छ। नगरपालिकाले 'कुकुर होस्टेल' स्थापना गरी कुकुरको उद्धार सुरु गरेको हो।

बागलुङ बजारमा सामुदायिक कुकुरका कारण समस्या बढेपछि नगरपालिकाले दिगो व्यवस्थापनका लागि जग्गा व्यवस्थापन, आवास तथा कुकुर खेल्न सक्ने चौर निर्माण गरेको थियो। पचास वटा कुकुर राख्ने क्षमताको होस्टेलमा पहिलो चरणमा बेवारिसे, बिरामी तथा अशक्त भएका २० सामुदायिक कुकुरलाई राखिएको बागलुङ नगपालिकाले जनाएको छ। बागलुङ नगरपालिका-३ स्थित पाँच रोपनी जग्गामा रु एक करोड खर्चेर जग्गा तारबारसहित होस्टेल निर्माण गरिएको र कुकुरलाई हेरचाहका लागि कर्मचारी र खानपानको व्यवस्था मिलाइएको नगरपालिका पशु शाखा प्रमुख मित्रप्रसाद सापकोटाले जानकारी दिनुभयो। नगरपालिका-३ सिम्लेस्थित पाँच रोपनी सार्वजनिक जग्गामा बागलुङ नगरको रु ३५ लाख र मुख्यमन्त्री कार्यालयको रु ६५ लाख खर्च गरेर होस्टेल बनाइएको थियो। नगरपालिकाले दुई वर्षअघि नै सामुदायिक कुकुरको व्यवस्थापनका लागि नीति तथा कार्यक्रममा कुकुर होस्टेल निर्माण गर्ने लक्ष्य ल्याएको थियो। "कुकुर बन्ध्याकरणसमेत भइरहेको र छाडा कुकुरलाई होस्टेलमा खानपानसहित व्यवस्थापन गर्ने योजना छ," नगर प्रमुख वसन्तकुमार श्रेष्ठले भन्नुभयो, "घरपालुवा कुकुर बिरामी परेपछि बजारमा छोड्ने चलनले बजारमा यात्रुलाई टोकेर, दुर्घटना निम्ताउने समस्या भएकाले होस्टेल निर्माण गरिएको हो।"

नगरपालिकाले घरमा पाल्ने कुकुरको दर्ता अनिवार्य गरेको छ। साथै कुकुरको पहिचान गर्ने र औषधि र खोपको समेत व्यवस्था मिलाएको छ। दर्ता गरेको कुकुर सडकमा आएमा घरधनीलाई जिम्मेवार बनाउन अनिवार्य दर्ताको व्यवस्था मिलाएको पशु शाखाले जनाएको छ। दर्ता गर्दा रु २०० शुल्क तिर्नुपर्ने छ।

# म्याग्दीलाई पूर्णखोपयुक्त घोषणा



**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ असार

म्याग्दीलाई पाँच वर्षमुनिका बालबालिकाले पूर्णखोप पाएको सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। छवटा स्थानीय तह र ४५ वडा रहेको जिल्लाका सबै लक्षित बालबालिकाले तोकिएको खोपको सबै मात्रा लगाएपछि मङ्गलबार पूर्णखोप घोषणा गरिएको हो।

जिल्लामा रहेका १५ महिनाभित्रका एक हजार ८० बालबालिकाले नियमित र पाँच वर्षमुनिका तीन हजार ९७४ जना बालबालिकाले पूर्णखोप लगाएका प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख भुवन ठकुराठीले बताउनुभयो। बालबालिकाले बिसीजी, डिपिटी, पोलियो, दादुरा, रुवेला, जेइलगायत १३ प्रकारका खोपको पूर्णमात्रा पाएको उहाँले बताउनुभयो। म्याग्दीमा एउटा जिल्लास्तरीय अस्पताल, एउटा आधारभूत अस्पताल, ३९ स्वास्थ्य चौकी, चार सहरी स्वास्थ्य केन्द्र, २८ सामुदायिक स्वास्थ्य एकाइ, ८९ खोप केन्द्र, ४८ गाउँघर क्लिनिक छन्। बालबालिकालाई पूर्णखोप लगाउनका लागि ३७२ महिला स्वास्थ्य स्वयंसेविका परिचालन भएका थिए। यसअघि वडा र पालिकास्तरमा पनि पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गरिएको थियो। घोषणाअघि स्वास्थ्यकर्मीले घरदैलो गरेर खोप लगाएको/नलगाएको विषयमा अध्ययन गरेका थिए। यस वर्ष गण्डकी प्रदेशका ११ मध्ये पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गर्ने म्याग्दी चौथो जिल्ला बनेको जिसस म्याग्दीका कार्यवाहक प्रमुखसमेत रहेका जिल्ला खोप समन्वय समितिका प्रमुख डिलकुमारी खत्रीले बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री लक्ष्मण पाण्डेले खोप कार्यक्रमले नवजात शिशुको मृत्युघर घटाउन र रोग लाग्नबाट बचाउन महत्त्वपूर्ण योगदान गरेको बताउनुभयो। खोप कार्यक्रमलाई सरकारले प्राथमिकता दिएको र सर्वसाधारणले पनि यसलाई महत्वका साथ लिनुपर्ने मन्त्री पाण्डेले बताउनुभयो। गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले प्रदेश पूर्णखोप अभियानको निरन्तरतामा जोड दिँदै प्रदेश सरकारमातहतको बेनी अस्पतालमा विशेषज्ञ चिकित्सक र उपकरणको व्यवस्था मिलाउन मन्त्री पाण्डेको ध्यानाकर्षण गराउनुभयो। मन्त्री पाण्डेले बेनी अस्पतालमा जनशक्ति र उपकरण व्यवस्थापनमा प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभयो।

म्याग्दीलाई २०७१ साल चैत १५ गते नेपालको छैटौँ पूर्णखोपयुक्त जिल्ला घोषणा गरिएको थियो। त्यसयता म्याग्दीलाई हरेक वर्ष पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणालाई निरन्तरता दिइँदै आएको छ।


**बिमालेख हरायो**

यहि मिति २०८३/०२/०५ गते काठमाण्डौबाट रामेछाप जाँदै गर्दा मेरो निम्न विवरणको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं. लि.को बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नामः खड्ग बहादुर भण्डारी
ठेगानाः रामेछाप-४
बिमालेख नंः ४१५०००००००२३५
सम्पर्क नं. ९८४१६०९३६१

**बिमालेख हरायो**

यहि मिति २०८३/०२/०५ गते धादिङवेशीबाट मलेखु जाँदै गर्दा मेरो निम्न विवरणको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं. लि.को बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नामः आनन्द मगर
ठेगानाः धादिङ-६, धादिङ
बिमालेख नंः ४१५००००००००४०३
सम्पर्क नं. ९८५१२६०१८९

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखापरीक्षण**

पोखरा महानगरपालिका वडा नं. २८ मा सुमिको चौतारो निर्माण एवम् मर्मत पोखरा-२८ कार्य सम्पन्न गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| | |
|---|---|
| योजनाको नाम | : सुमिको चौतारो निर्माण एवम् मर्मत पोखरा-२८ |
| उपभोक्ता समितिको नाम | : सुमिको चौतारो निर्माण एवम् मर्मत पोखरा-२८ उपभोक्ता समिति |
| उ.स. अध्यक्षको नाम | : दिपक बहादुर अधिकारी (९८४६२५७६५६) |
| योजना सम्झौता मिति | : २०८२/१२/१७ |
| योजना सुरु हुने मिति | : २०८२/१२/१८ |
| योजना सम्पन्न हुने मिति | : २०८३/०२/१५ |
| पोखरा-२८, बाट प्राप्त | : रु. ५,००,०००/- |
| जन सहभागिता | : रु. ५५,६६८/- |
| जम्मा लागत खर्च | : रु. ५,५५,६६८/- |

**सुमिको चौतारो निर्माण एवम् मर्मत पोखरा-२८ उपभोक्ता समिति**

पोखरा-२८, कास्की

# मालिकाका विद्यालयमा मगर खाम भाषामा पढाइँ

पोखरापत्र संवाददाता
म्याग्दी, १७ असार

म्याग्दीको मालिका गाउँपालिकाले स्थानीय पाठ्यक्रममा आधारित पुस्तक प्रकाशन गरेको छ।

कक्षा १, २ र ३ को पुस्तकलाई नेपालीका साथै मगर खाम भाषामा समेत प्रकाशन गरेको हो।

सात वडा रहेको पालिकामा मगर समुदायको बाहुल्यता छ। नेपाली र मगर जातिको खाम भाषामा एकै पटक पढ्न र पढाउन मिल्ने गरी पुस्तक प्रकाशन गरेको मालिका गाउँपालिकाका शिक्षा अधिकृत अशोक रिजालले जानकारी दिनुभयो। "कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रममा पुस्तक तयार भएको छ", उहाँले भन्नुभयो, "नेपालीसँगै मगर खाम भाषाका बाक्यलाई एउटै पृष्ठमा राखिएकाले दुबै भाषामा पठनपाठन गराउन सकिने बनाएका छौं।" शिक्षा अधिकृत रिजालले गाउँपालिकाले स्थानीय शिक्षक र शिक्षा शाखाका कर्मचारीको सहयोगमा नेपाली भाषामा तयार पारिएको पुस्तकलाई कर्णजित बुढामगरले मगर खाम भाषामा रूपान्तरण गर्नुभएको हो। मगर समुदायका बालबालिकाले खाम र अन्य समुदायका बालबालिकाले नेपाली भाषामा स्थानीय पुस्तक पढ्छन्। पुस्तकमा गाउँपालिकाको परिचय, जनजीवन, कृषि, धार्मिक, पर्यटकीय, ऐतिहासिक स्थल, गाउँबस्ती, वनस्पति, प्राकृतिक सम्पदादेखि खेती, पशुपालन र पेसा व्यवसायका विषयवस्तु समेटिएका छन्।

पालिकाभित्र ४२ विद्यालय छन्। नेपालीमा 'हाम्रो मालिका' र खाममा भाषामा 'गेंमी मालिका' नामाकरण गरिएको छ।

पुस्तकले बालबालिकालाई स्थानीय तह तथा लोप हुने अवस्थामा रहेको खाम भाषाको पुनःउत्थान हुने गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो।

"मगर खाम भाषाको संरक्षण, पुनःरुत्थान र अन्तर पुस्ता हस्तान्तरणको लागि मगर खाम भाषाको पुस्तक तयार पारेर पठनपाठन सुरु गरिएको हो", उहाँले भन्नुभयो, "बालबालिकालाई दैनिक बोलीचाली र जीवनयापनमा बढी प्रयोग हुने शब्दावलीलाई पुस्तकमा समेटिएको छ।"

पालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिश्चन्द्र ढकालले स्थानीय पुस्तक आफ्नै भाषामा पठनपाठन गर्न पाउँदा बालबालिकालाई सिक्न र बुझ्न सजिलो हुने बताउनुभयो।

यसअघि म्याग्दीको रघुगङ्गा गाउँपालिकाले खाम भाषामा पठनपाठन सुरु गरेको थियो। बेनी नगरपालिका, रघुगङ्गा, अन्नपूर्ण र धवलागिरी गाउँपालिकाले यसअघिनै स्थानीय पुस्तक पठनपाठन गराउन थालेका थिए।

# बागलुङ नगरपालिकाको प्राथमिकता पूर्वाधार विकास, पर्यटन र शिक्षा

पोखरापत्र संवाददाता
बागलुङ, १७ असार




बागलुङ नगरपालिकाले आगामी आर्थिक वर्षका लागि आज नीति तथा कार्यक्रम ल्याएको छ। देशैभरका स्थानीय तहले असार १० गते नै नीति तथा कार्यक्रम र बजेट ल्याए पनि बागलुङ नगरपालिकाले विभिन्न समस्याका कारण ल्याउन सकेको थिएन। गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये ८४ स्थानीय तहले असार १० गते नै नीति तथा कार्यक्रम ल्याएका थिए।

देशैभरबाट २५ स्थानीय तहले असार १० गते बजेट ल्याउन सकेका थिएनन्। त्यसमध्ये बागलुङ नगरपालिका पनि एक हो। नगरप्रमुख वसन्तकुमार श्रेष्ठले आज प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा पूर्वाधार विकास, पर्यटन, शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिइएको छ। सामाजिक विभेद तथा अमानवीय दृष्टिकोणलाई चिर्न र छोरीलाई उच्च शिक्षाको उज्यालोसम्म पुऱ्याउने सञ्चालित 'नगरको छोरी कार्यक्रम'लाई थप परिष्कृत गरी निरन्तरता दिइएको छ। यसअघि नगरपालिकाले दिँदै आएको रु पाँच हजारमा शतप्रतिशत थप गरी रु १० हजार पुऱ्याइने प्रमुख श्रेष्ठले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा उल्लेख छ। नगरपालिकाको केन्द्रदेखि प्रत्येक वडा कार्यालयसम्म बाह्रै महिना चल्ने पक्की सडक पुऱ्याइने प्रमुख श्रेष्ठले बताउनुभयो। बाँझो जमिनलाई हराभरा बनाउन र किसानलाई सिधै उत्पादनसँग जोड्न 'एक बोट, सयको नोट' कार्यक्रम सञ्चालन गरिने उहाँको भनाइ छ। यस नीतिअन्तर्गत बाँझो र खाली जमिनमा फलफूल, कफी, टिमुर वा बहुमूल्य जडीबुटीका बिरुवा रोपी संरक्षण गर्ने किसानलाई प्रोत्साहन स्वरूप प्रतिजीवित बोट पहिलो वर्ष रु १००, दोस्रो वर्ष रु ७५, तेस्रो वर्ष रु ५० र चौथो वर्ष रु २५ नगद अनुदान उपलब्ध गराइने प्रमुख श्रेष्ठले बताउनुभयो।

बागलुङ बजारलाई थप आकर्षक, सफा र व्यवस्थित बनाउन बजार क्षेत्रभित्र रहेका विद्युतीय पोलहरूमा पहिचान झल्किने राष्ट्रिय झण्डा अङ्कित रङ पेन्टिङ गरिने र सरसफाइ तथा सकारात्मक चेतना जगाउने कलात्मक स्लोगन पेन्टिङ गरिने छ। बागलुङ बजार र आसपासका क्षेत्रमा छाडा तथा सामुदायिक कुकुरका कारण पैदलयात्री र मोटरसाइकल सवारले भोग्नुपरेको असुरक्षा तथा दुर्घटनाको जोखिमलाई न्यूनीकरण गर्न 'कुकुर सेल्टर हाउस'लाई थप आधुनिक र व्यवस्थित बनाइने प्रमुख श्रेष्ठले बताउनुभयो।

नगर क्षेत्रभित्र होमस्टे सञ्चालन तथा प्रवर्द्धनलाई प्रोत्साहन गर्न नवीकरण तथा वार्षिक शुल्क व्यवस्थापनका लागि प्रतिहोमस्टे वार्षिक रु १५ हजारसम्म अनुदान उपलब्ध गराइने र स्थानीय मदिरा उत्पादन तथा ब्रान्डिङ कार्यका लागि रु २० हजारसम्म प्रोत्साहन अनुदान उपलब्ध गराइने नीति तथा कार्यक्रममा उल्लेख छ। रैथाने बालीको संरक्षण र प्रवर्द्धनमा प्रोत्साहन गर्न 'बसे पनि सहर, गाउँकै खाने रहर' अन्तर्गत जैविक तथा विषादीमुक्त कृषि उत्पादन, पोषणयुक्त खाद्य वस्तुको उत्पादनमा गर्न किसानालाई प्रोत्साहन गरिने प्रमुख श्रेष्ठले बताउनुभयो। बलेवा, कालिका भगवती, पञ्चकोट, मालिका भगवती, कुवेरथाम, सालिग्राम सङ्ग्रहालय, गण्डकी स्नानघाट लगायतका धार्मिक तथा सांस्कृतिकस्थलको प्रवर्द्धनलाई प्राथमिकता दिइने उहाँले बताउनुभयो।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

रासस
काठमाडौं, १७ असार

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ।

निगम सञ्चालक समितिको मङ्गलबारको बैठकले पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको मूल्य घटाएको हो। निगमले पेट्रोलमा प्रतिलिटर रु २०, डिजेल र मट्टितेलमा प्रतिलिटर रु ३० ले मूल्य घटाएको छ। यस्तै, हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर रु ४० र हवाई इन्धन (अन्तरराष्ट्रियतर्फ) काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर २६५ ले घटाइएको छ। खाना पकाउने एलपी ग्यासको मूल्यमा प्रतिसिलिन्डर रु १०० कटौती गरिएको छ। नयाँ मूल्यसूचीअनुसार तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा अब पेट्रोलको मूल्य प्रतिलिटर रु १९७ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर रु १९५ कायम भएको छ। यसअघि यी क्षेत्रमा पेट्रोल प्रतिलिटर रु २१७ र डिजेल प्रतिलिटर रु २२५ रहेको थियो।

यसैगरी, पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्जमा पेट्रोल प्रतिलिटर रु १९४.५० र डिजेल प्रतिलिटर रु १९२.५० कायम गरिएको छ। दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर रु १९६ र डिजेलको मूल्य रु १९४ तोकिएको छ। हवाई इन्धन (आन्तरिक) को नयाँ मूल्य प्रतिलिटर रु २२९ कायम भएको छ। यस्तै, अन्तरराष्ट्रिय हवाई इन्धनको मूल्य काठमाडौंका लागि अमेरिकी डलर १,५६६, पोखराका लागि डलर एक हजार १०० र भैरहवाका लागि डलर एक हजार ०८५ प्रतिकिलोलिटर कायम गरिएको छ। मूल्य कटौती भएसँगै उपभोक्ताले खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर (१४.२ किलोग्राम) अब रु दुई हजार ०६० मा प्राप्त गर्नेछन्। यसअघि ग्यासको मूल्य प्रतिसिलिन्डर रु दुई हजार १६० रहेको थियो। अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढाव र इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यबमोजिम स्वचालित मूल्य प्रणालीअनुसार मूल्य समायोजन गरिएको निगमले जनाएको छ।


## एउटै व्यक्तिभएको सूचना



कास्की जिल्ला, पोखरा महानगरिपालिका वडा नं. १९ निवासी भु.पु.सैनिक नं. ५८४५२१२ N, Rank NK (TS), Unit 5/9 GR का कर्ण बहादुर खत्रीको श्रीमती गोमा खत्रीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर गोमा कुमारी खत्री, जन्म मिति वि.सं. २०१९।०५।०४ तदानुसार ई. सं.१९६२।०८। २० भएको र पेन्सन अभिलेखमा नामथर गोमा कुमारी जन्म मिति ई.सं. १९६३।०३। २३' उल्लेख भई फरक परेता पनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १९ नं. वडा कार्यालयको च.नं. ४७३१ मिति २०८३।०३।१५ को सिफारिस पत्रबाट लेखी आएको सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


# तनहुँका सामुदायिक वनमा रुद्राक्ष रोपन थालियो

पोखरापत्र संवाददाता
तनहुँ, १७ असार



यहाँको शुक्लागण्डकी नगरपालिका-१० स्थित मालागिरि सामुदायिक वनलाई रुद्राक्ष पकेट क्षेत्र बनाइने भएको छ। यसका लागि रुद्राक्षको बिरुवा रोपन थालिएको छ।

अनुसन्धानका क्रममा रुद्राक्ष उत्पादनका लागि उपयुक्त वातावरण देखिएपछि यस स्थानका सामुदायिक वनमा रुद्राक्ष रोपन थालिएको डिभिजन वन कार्यालयले जनाएको छ।

यहाँको सामुदायिक वनको तीन हेक्टर क्षेत्रफलमा पकेट क्षेत्रका रूपमा विकास गर्दै रुद्राक्ष रोपन सुरु गरिएको प्रमुख डिभिजन वन अधिकृत मनोज रानाभाटले जानकारी दिनुभयो। "ठूलो परिमाणमा तनहुँमा पहिलोपटक रुद्राक्ष रोपन गर्न थालिएको छ", उहाँले भन्नुभयो, "यस क्षेत्रको मागका साथै उत्पादन राम्रो हुने भएपछि पकेट क्षेत्रका रूपमा विकास गर्ने योजनासहित रोपन थालिसकिएको छ।"

पहिलो चरणमा वनमा ४०० रुद्राक्षका बिरुवा रोपिसकिएको डिभिजन वन अधिकृत अरुण पराजुलीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पहिलो चरणको रुद्राक्ष रोपन सकिएको छ। मालागिरि सुमदायिक वनलाई रुद्राक्षको पकेट क्षेत्रका रूपमा विकास गर्दै यसलाई धार्मिक वन बनाउने लक्ष्य पनि हो। हिन्दू धर्मावलम्बीका लागि महत्त्वपूर्ण र यसबाट सामुदायिक वनले आयस्तर बढाउन सक्ने अवस्था बन्नेछ।" जिल्लाका पहाडी भेगका सामुदायिक वनमा विगत केही वर्षयता परीक्षणका रुपमा रोपण गरिएकोमा रुद्राक्ष सफल भएपछि योजनाबद्ध रूपमा विस्तार गर्न लागिएको पराजुलीले बताउनुभयो। पूर्वी पहाडी जिल्लाबाट बिरुवा ल्याएर यहाँको वनमा रोपन सुरु गरिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार सगरमाथा वृक्षरोपण महाअभियानका अवसरमा बृहत् वृक्षरोपणथालिएकोहो। मालागिरि सामुदायिक वनको १.९२ हेक्टर क्षेत्रमा एक हजार ७०० बिरुवा रोपन गरिने उहाँले बताउनुभयो। पहिलो चरणमा ४०० बिरुवा रोपिएको छ भने बाँकी रोप्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो। सामुदायिक वन उपभोक्ताका अनुसार रुद्राक्ष खेतीबाट वन संरक्षण र स्थानीय रूपमा आम्दानी दुवै बढ्ने अपेक्षा गरिएको डिभिजन वन कार्यालयले जनाएको छ। परम्परागत रूपमा दाउरा र घाँसमा निर्भर रहँदै आएको सामुदायिक वन व्यवस्थापनलाई अब आयमूलक वन उपज उत्पादनतर्फ मोड्न रुद्राक्ष सहायक बन्ने उपभोक्ताको अपेक्षा छ। स्थानीय तहले धार्मिक क्षेत्रमा रुद्राक्ष रोपन गर्दै आए पनि डिभिजन वन कार्यालयले पहिलोपटक ठूलो परिमाणमा रुद्राक्ष रोपनलाई प्राथमिकता दिएको छ। केही पालिकाले सामुदायिक वनमा नयाँ बिरुवा रोपिरहेका उपभोक्ता समूहलाई प्रोत्साहन, प्राविधिक तालिम र नर्सरी विकासका लागि तालिम दिने लक्ष्य रहेको कार्यालयले जनाएको छ।

हिन्दू धर्ममा पवित्र मानिने रुद्राक्षलाई भगवान् शिवको प्रतीकका रूपमा लिइन्छ। यसको धार्मिक, आध्यात्मिक तथा स्वास्थ्यसम्बन्धी विभिन्न उपयोगिता रहेको विश्वास गरिन्छ। धार्मिक तथा आध्यात्मिक रूपमा माला बनाएर मन्त्र जप गर्नाले मनलाई शान्त र एकाग्र बनाउन सहयोग गर्ने विश्वास छ। तनाव, चिन्ता र मानसिक अशान्ति कम गर्न मद्दत गर्ने, आत्मविश्वास र सकारात्मक सोच बढाउन यसको उपयोगले सहयोग पुग्ने र स्मरण शक्ति सुधार गर्न प्रयोग गरिएको पाइन्छ।

रक्तचाप सन्तुलित राख्न सहयोग गर्ने परम्परागत विश्वास छ भने मुटुसम्बन्धी स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने र शरीरमा ऊर्जा सन्तुलन कायम राख्न मद्दत गर्ने विश्वाससमेत गरिन्छ। सांस्कृतिक तथा आर्थिक रूपमा नेपालको विशेषगरी पूर्वी पहाडी क्षेत्रमा रुद्राक्षको उत्पादन हुने भएकाले यसको आर्थिक महत्व रहेको छ। रुद्राक्ष धार्मिक पर्यटन र व्यापारसँग पनि जोडिएको छ। विभिन्न मुखी (१ मुखीदेखि २१ मुखीसम्म) रुद्राक्षको बजार मूल्य फरकफरक रहेको पाइन्छ।


## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक हिस्तान गा.वि.स. वडा नं. २ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ७ बस्ने भारतीय सेनाका भू.पू. सैनिक न. नं. ५२४५४१७ एल का नायक लोक बहादुर फगामी पुनको श्रीमती पुष्पा देवि पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर पुष्पा देवि फगामी पुन जन्ममिति वि.सं. २०३०।०५।२९ (सन् १४।०९।१९७३) उल्लेख भएको र आर्मी रेकर्ड/डिस्चार्ज सर्टिफिकेट/पेन्सन पट्टामा नामथर पुष्पा देवि पुन जन्ममिति वि.सं. २०३०।०५।१३ (सन् २९।०८।१९७३) उल्लेख भै नामथर र जन्ममिति फरक परेता पनि निज व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. २०१ मिति २०७४।११।१० को पत्रवाट लेखी आएकोले सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय म्याग्दी, वेनी**



## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला बेगखोला गा.वि.स. वडा नं. ८ बस्ने भारतीय सेनाको भु.पु. सैनिक नं. ५२४६५९० F का हवल्दार श्री मन कुमार पुनको श्रीमती को नामथर नेपाली नागरिकताको प्रमाण पत्रमा पदम कुमारी पुर्जा पुन जन्ममिति उल्लेख भएको र आर्मी रेकर्ड/डिस्चार्ज सर्टिफिकेट/ पेन्सन पट्टामा नामथर पदम कुमारी पुन उल्लेख भै फरक परेता पनि निज व्यक्ति एउटै भएको भनी सम्बन्धित बेगखोला गा.वि.स. को कार्यालयको च.नं. २२६ मिति २०६९/०१/२६ को पत्रबाट लेखी आएकोले सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय म्याग्दी, बेनी**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १३ स्थित गौंडाकोमुख भित्री बाटो सडक स्तरोन्नती निर्माण गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः गौंडाकोमुख भित्री बाटो सडक स्तरोन्नती
उपभोक्ता समितिको नामः गौंडाकोमुख भित्री बाटो सडक स्तरोन्नती
सम्झौता मितिः २०८३/०२/०७ गते
योजना सुरु मितिः २०८३/०२/०८ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/१५ गते
योजना कुल लागतः रु.३००,०००।-
नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम : रु.३००,०००।-
उपभोक्ता समितिबाटः रु.३३,३३३।-
उपभोक्ता समितिका पदाधिकारी
अध्यक्षः पुस्कर कुमार श्रेष्ठ
सचिवः विद्या गुरुङ
कोषाध्यक्षः विष्णु कुमार श्रेष्ठ
ईन्जिनियरको नामः ई. प्रकाश बि.क

**गौंडाकोमुख भित्री बाटो सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३**